# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, जेठ १८ गते २०५७ साल (अतिरिक्ताङ्क ९

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय जनसंख्या तथा वातावरण राज्यमन्त्री श्री शिवराज जोशी स्वीडेनको माल्मोमा वातावरण मन्त्रीहरूको छैठौं विशेष सम्मेलनमा भाग लिन २०५७ साल जेठ १४ गते त्यसतर्फ जानुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको जनसंख्या तथा वातावरण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय कृषि तथा सहकारी राज्यमन्त्री श्री बलदेव शर्मा मजगैयाले सम्हाल्नु हुनेछ ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम स्वीट्जरल्याण्डको जेनेभास्थित संयुक्त राष्ट्र संघ तथा अन्य अन्तर्राष्ट्रिय सङ्गठनहरूका लागि नेपाल अधिराज्यको स्थायी प्रतिनिधि डा. शम्भुराम सिंखडालाई स्वीट्जरल्याण्डको लागि पनि शाही नेपाली राजदूत नियुक्त गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,

पशुपतिभक्त महर्जन

श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।